**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २० सितम्बर २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**<u>मुख्य समाचार</u>**

- राष्टपति द्रौपदी मुर्मूले भन्नुभयो, हालैमा आएको कैयौं प्राकृतिक आपदाहरूबाट स्पष्ट छ कि जलवायु परिवर्तनको प्रभावलाई कम गर्नको निम्ति ठोस प्रयासको आवश्यकता छ।
- मत्स्य पालन विभागले भोलि कलकतामा मत्स्य पालन विकासमाथि एउटा समीक्षा बैठक आयोजित गर्नेछ। बैठकको सह-अध्यक्ष्ता केन्द्रीय मत्सय पालन मन्त्री राजीव रंजन सिंह अनि राज्यको मुख्यमन्त्री शुभेन्दु अधिकारीले गर्नुहुनेछ।
- सिलगढी सर्किट हाउसमा आज लोक स्वास्थ्य अभियांत्रिकी (PHE) र लोक निर्माण विभाग (PWD) को समीक्षा बैठक आयोजना गरियो। बैठकको अध्यक्षता PHE तथा PWD मन्त्री अजय पोद्दारले गर्नुभएको थियो।
- विश्व शान्ति दिवसको अवसरमा आज राज विद्या केन्द्र, खरसाङको आयोजनामा शान्ति जागरण अभियान कार्यक्रम सम्पन्न भयो।
- मौसम विभागले उत्तर बंगालको, दार्जिलिङ, जलपाईगुडी, कुचबिहार, अलिपुरद्वार, उत्तर र दक्षिण दिनाजपुर र मालदाका केही भागहरूमा हल्का वर्षा हुने अनुमान व्यक्त गरेको छ।

**<u>राष्टपति पर्यावरण सम्मेलन</u>**

राष्टपति द्रौपदी मुर्मूले भन्नुभयो, हालैमा आएको कैयौं प्राकृतिक आपदाहरूबाट स्पष्ट छ कि जलवायु परिवर्तनको प्रभावलाई कम गर्नको निम्ति ठोस प्रयासको आवश्यकता छ। नया दिल्लीमा पर्यावरण अनि जलवायु गतिशीलताको भविषयमाथि आयोजित सम्मेलनको समापन सत्रलाई सम्बोधित गर्नुहुदै राष्टपतिले भन्नुभयो, वैश्विक वैज्ञानिक समुदाय जलवायु जोखिमलाई लिएर चेतावनी दिइरहेको छ। उहाले स्थानीय, क्षेत्रीय अनि वैश्विक स्तरमा सबै पक्षहरू बीच सक्रिय सहयोग मजबूत गर्ने आवश्यकतामाथि जोड़ दिनुभयो। राष्टपतिले बताउनु भयो, जलवायु परिवर्तनबाट जैव विविधतामा कमी, जल संकट अनि भूमि क्षरण जस्तो समस्याहरू बढ़िरहेको छ। राष्टपति मुर्मूले पर्यावरण सम्बन्धी कानूनी मामिलाहरूमा राष्टीय हरित न्यायाधिकरणको भूमिकाको पनि सराहना गर्नुभयो। उहाले भन्नुभयो, न्यायाधिकरणले ठूलो संख्यामा मामिलाहरूको तेजीसित निप्टारा गरेको छ अनि नदी, वायु गुणवत्ता तथा मैला प्रबन्धनसित सम्बन्धित मामिलामा प्रभावी अनुपालन व्यवस्था विकसित गरेको छ। केन्द्रीय मन्त्री मनोहर लाल, सुप्रिम कोर्टको न्यायमूर्ति बी.पी नागरत्ना, राष्टीय हरित न्यायाधिकरणको अध्यक्ष न्यायमूर्ति प्रकाश श्रीवास्तव अनि सलिस्टिर जनरल तुषार मेहताले पनि सम्मेलनको समापन सत्रलाई सम्बोधित गर्नुभयो।

**<u>प्रधानमंत्री नरेंद्र मोदी- जनसेवाको 25 वर्ष</u>**

प्रधानमंत्री नरेंद्र मोदीले जनसेवाको 25 वर्ष पूरा गर्दै हुनुहुन्छ। जनसेवाले देशसेवाको मंत्र र सेवा तथा सुशासन प्रतिको प्रतिबद्धताका साथ उहाँको यो यात्रा आज पनि जारी छ। यसै दृष्टिकोणका साथ सरकारले वर्ष 2047 सम्म विकसित भारतको लक्ष्यलाई हासिल गर्ने दिशामा लगातार काम गरि रहेकोछ। समावेशी विकास र सामाजिक सशक्तिकरणको माध्यमले मानिसहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रयास लगातार गरिन्दैछ। सेवा संकल्प अभियानको यस विशेष श्रृंखलामा आज हमिले कुरा गर्छौं प्रधानमंत्री नरेन्द्र मोदीको प्राकृतिक खेती बढावा दिने प्रयासहरूबारे। सुन्नुहोस एक रिपोर्ट

*.....बाइट...अशोक चौरसिया......*

**<u>मत्स्य पालन बैठक</u>**

मत्स्य पालन विभागले भोलि कलकतामा मत्स्य पालन विकासमाथि एउटा समीक्षा बैठक आयोजित गर्नेछ। बैठकको सह-अध्यक्ष्ज्ञता केन्द्रीय मत्सय पालन मन्त्री राजीव रंजन सिंह अनि पश्चिम बंगालको मुख्यमन्त्री शुभेन्दु अधिकारीले गर्नेछन्। मत्स्य

पालन, पशुपालन अनि दुग्ध उत्पादन मन्त्रालयले बताए अनुसार, पश्चिम बंगालमा मछली पालनको अपार सम्भावनाको निम्ति एउटा कार्ययोजना तयार गर्नको निम्ति यो समीक्षा बैठक आयोजित गरिन्दैछ। मन्त्रालयले बताएको छ, यसको उद्देश्य बजार सम्बन्धलाई बलियो बनाउन, सजावटी मत्स्य पालन, फसलको कटाई पछि बुनियादी ढांचालाई राम्रो बनाउन अनि पश्चिम बंगालमा एउटा लचिलो, समावेशी अनि वैश्विक स्तरमा प्रतिस्पर्धी मत्स्य पालन क्षेत्रको परिकल्पनालाई अघि बढ़ाउन हो।

## एलपीजी रिफिल बायोमेट्रिक

1 अक्तूबरदेखि सब्सिडी भएको घरेलू ग्यासको बुकिंगको निम्ति आधारसित जोड़िएको बायोमेट्रिक प्रमाणन अनिवार्य हुनेछ। पेट्रोलियम अनि प्राकृतिक ग्यास मन्त्रालयले बताए अनुसार, यसको उद्देश्य सब्सिडी भएको एल.पी.जी सिलिण्डर केवल पात्र परिवारलाई मात्र प्रदान गर्नु हो। मन्त्रालयले स्पष्ट गरेको छ, यस प्रक्रिया अन्तर्गत पात्र परिवारलाई एलपीजीबाट वंचित गर्न होइन। जो ग्राहकले पहिलेबाटै प्रमाणीकरण पूरा गरेको छ तिनीहरूले यसलाई फेरि दोहोरयाउने जरूरत छैन।

## सिलिगुडी PHE/ PWD बैठक

सिलगढी सर्किट हाउसमा आज लोक स्वास्थ्य अभियांत्रिकी (PHE) र लोक निर्माण विभाग (PWD) को समीक्षा बैठक आयोजना गरियो। बैठकको अध्यक्षता PHE तथा PWD मन्त्री अजय पोद्दारले गर्नुभएको थियो। बैठकमा दार्जिलिङका सांसद राजु विष्ट र वित्त तथा परिवहन विभागका राज्यमन्त्री आनन्दमय बर्मन पनि उपस्थित थिए। बैठकमा हर घर जल परियोजनाको प्रगति, साथै यस क्षेत्रमा चलिरहेका सडक र अन्य पूर्वाधार परियोजनाहरूको समीक्षा गरियो। बैठक मुख्यत् दार्जिलिङ पहाड, सिलिगुडी, तराई र डुवर्स क्षेत्रहरूमा केन्द्रित थियो। बैठकपछि सांसद राजु विष्टले प्रधानमन्त्री नरेन्द्र मोदी र मुख्यमन्त्री शुभेन्दु अधिकारीको नेतृत्वमा रहेको भाजपा सरकार प्रत्येक गाउँमा सडक सम्पर्क, आवास, राम्रो स्वास्थ्य र शिक्षा सुविधा, सुरक्षित पिउने पानी र सरसफाइ प्रदान गर्न प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले सरकारको प्राथमिक उद्देश्य विकास परियोजनाहरू समयमै र गुणस्तरीय रूपमा पूरा गरेर आम जनतालाई आफ्नो दैनिक जीवनमा प्रत्यक्ष लाभ प्रदान गर्नु रहेको बताउनुभयो।

## मुख्यमन्त्री/वासुदेव पाल

मुख्यमन्त्री शुभेन्दु अधिकारीले राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) वरिष्ठ प्रचारक वासुदेव पालको निधनमा गहिरो शोक व्यक्त गर्नुभएको छ। मुख्यमन्त्रीले एक सामाजिक सञ्जाल पोस्टमा स्वर्गीय वासुदेव पाललाई श्रद्धाञ्जली अर्पण गर्नुहुदै उहाँको परिवार, आफन्तप्रति समवेदना व्यक्त गर्नुभएको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले वासुदेव पालले १९८० देखि चार दशकभन्दा बढी समयसम्म प्रचारकको रूपमा आरएसएसको काममा आफूलाई पूर्ण रूपमा समर्पित गरेको बताउनुभएको छ।

## विश्व शान्ति दिवस खरसाङ

विश्व शान्ति दिवसको अवसरमा राज विद्या केन्द्र, खरसाङको आयोजनामा आज शान्ति जागरण अभियान कार्यक्रम सम्पन्न भयो। शान्ति, सद्भाव, सहिष्णुता तथा भाइचाराको सन्देश प्रवाह गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा खरसाङ रेलवे स्टेशनदेखि टाउन हलसम्म शान्ति र्‍याली निकालिएको थियो। र्‍यालीपछि खरसाङ टाउन हलमा मुख्य कार्यक्रम आयोजना गरियो। कार्यक्रममा एनएचपीसी टिस्टा लो ड्याम प्रोजेक्ट–III का महाप्रबन्धक मनोज कुमार सिंह प्रमुख अतिथिका रूपमा उपस्थित थिए।

## मौसम

मौसम विभागले उत्तर बंगालको, दार्जिलिङ, जलपाईगुडी, कुचबिहार, अलिपुरद्वार, उत्तर र दक्षिण दिनाजपुर र मालदाका केही भागहरूमा हल्का वर्षा हुने अनुमान व्यक्त गरेको छ। दार्जिलिङमा न्यूनतम तापक्रम लगभग १५ डिग्री सेल्सियस र अधिकतम तापक्रम लगभग २२ डिग्री सेल्सियस रहने अनुमान गरेको छ भने सिलिगुडीमा लगभग २५ देखि ३५ डिग्री सेल्सियस तापक्रम रहने अनुमान गरेको छ।

**तीनधारे रेलवे अस्पताल**

तीनधारे रेलवे अस्पतालका डा ईआर लामालाई तीनधारेबाट सरुवा गरेर तीनधारे रेलवे अस्पताललाई केवल क्लिनिक मात्रै बनाउने होहल्ला रहेकोले तीनधारेका विभिन्न संघ संस्थाहरु र बुध्दिजीविहरु भेला भएर तीनधारे रेलवे अस्पतालबाट डा ईआर लामालाई सरुवा नगरेर तीनधारेमा नै राख्नु पर्ने साथै तीनधारे रेलवे अस्पताललाई पहिलेको जस्तै यथावत् राख्नु पर्ने माग सबैले एकसाथ गरेका छन्।

**********